## खानेपानी, सरसफाइ तथा स्वच्छताका आधार स्तम्भहरुको विश्लेषण, स्तरीकरण र छोटो वर्णन

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| **नीति, रणनीति तथा योजना** | खासस्वसम्बन्धी स्थानीय नीति तथा कानून छैन । दीर्घकालीन खासस्व योजना छैन ।<br>नीति तथा योजना छ तर तिनले लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा जलवायु परिवर्तनका असरलाई सम्बोधन गर्दैनन् । नीति, कानून तथा योजनाहरु छन् तर राम्रो सँग कार्यान्वयन भइरहेका छैनन् । | खासस्वसम्बन्धी स्थानीय कानून तथा योजना छ तर तिनले लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा जलवायु परिवर्तनका असरलाई पर्याप्त रुपमा सम्बोधन गर्दैनन् । नेतृत्व तह तथा कार्यान्वयन गर्ने कर्मचारीहरुमा नीति, कानून तथा योजनाको बारे पर्याप्त जानकारी छैन ।<br>खासस्व योजनाले जलवायु परिवर्तनको असर न्यूनीकरण वा उत्थानशीलताका कुरालाई सम्बोधन गर्दैनन् । बार्षिक योजना तयार गर्दा खासस्व योजना तथा तथ्याङ्कहरु लाई खासै ध्यानमा राखिंदैन र समुदाय, विद्यालय तथा स्वास्थ्य संस्थामा खासस्वका लागि योजनाबद्ध ढङ्गबाट पर्याप्त बजेट छुट्याउन सकिएको छैन । | खासस्वसम्बन्धी कानून, नीति तथा योजना छन् । विद्यालय तथा स्वास्थ्य संस्थामा खासस्वको कार्यविधि तथा मापदण्ड स्थानीयकरण गरिएको छैन तर सो अनुरुप धेरैहदसम्म काम भइरहेको छ । नीति, कानून तथा योजनाहरुले धेरै हदसम्म लैङ्गक तथा सामाजिक समावेशीकरण र जलवायु परिवर्तनका असर न्यूनीकरणका कुराहरुलाई सम्बोधन गर्दछन् । समुदाय, विद्यालय तथा स्वास्थ्य संस्थामा खासस्वका लागि  योजनाबद्ध ढङ्गबाट बजेट छुट्याएर काम हुन्छ । नेतृत्व तथा सम्बद्ध कर्मचारीहरुमा नीति, कानून तथा खासस्व योजना बारे बुझाइ सीमित छ । | नीति, कानून तथा खासस्व योजना छ । यिनको बारेमा नेतृत्व तथा सम्बद्ध कर्मचारीहरु पर्याप्त जानकार छन् । विद्यालय तथा स्वास्थ्यसंस्थामा खासस्व सेवा विस्तारका कार्यविधि तथा मापदण्ड स्थानीयकरण गरेर लागू गरिएको छ । खासस्व सम्बन्धी समुदाय, विद्यालय तथा स्वास्थ्यसंस्थाको अवस्थाबारे तथ्याङ्क अद्यावधिक गर्ने गरिन्छ र त्यसको आधारमा समुदाय, विद्याय तथा स्वास्थ्य संस्थामा योजनाबद्ध ढङ्गले खासस्व सेवा विस्तार गर्ने नीति अनुरुप जीवनचक्रीय लागतसमेत विचार गरी पर्याप्त बजेट छुट्याएर काम अगाडि बढाइएको छ । नीति, कानून तथा योजनाले लैङ्गक तथा सामाजिक समावेशीकरण र जलवायु परिवर्तनका असर न्यूनीकरणका कुराहरुलाई सम्बोधन गर्दछन् । |
| | | | | |
| नोट | | | | |

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| **संस्थागत संरचनाहरु तथा क्षमता** | जीवन बचाउनका लागि पहुँच बृद्धिमा ध्यान केन्द्रित रहेको, न कि बलिया संघसंस्थाहरु सिर्जना गर्नमा ।<br>संरचनात्मक जनादेशहरु स्पष्ट नभएको | संघ संस्थाहरु चाहिं भएका, तर कागजमा मात्र भएका र सुचालु नभएको । सेवा अधिकारी तथा सेवा प्रदायक संस्थाहरुको क्षमता र श्रोतहरुमा अतिव्यापी, अस्पष्ट | संघसंस्थाहरु आंशिक रुपमा सुचालु भएको । भूमिका तथा जिम्मेवारीहरु पूर्ण रुपमा स्पष्ट नभएको । सेवा अधिकारी[1] तथा सेवा प्रदायक[2]हरुको क्षमता तथा | सबै आवश्यक संघसंस्थाहरु, तिनीहरुको क्षमता तथा श्रोतहरु पनि सुनिश्चित भएको, साथै भूमिका तथा जिम्मेवारीहरु पूर्ण रुपमा स्पष्ट भएको । सेवा अधिकारी तथा सेवा प्रदायकहरुलाई प्रोत्साहित |

[1] सेवा अधिकारीहरु त्यस्ता संस्थाहरु हुन् जसले खानेपानी र सरसफाइसम्बन्धी कार्यहरु पूरा गर्ने गर्दछन् । जस्तै योजना समन्वय, नियमन र निरीक्षण सहयोग तर वास्तविक सेवा प्रावधान आफैंमा होइन । सामान्यतया यी अधिकारीहरु मध्यवर्ती स्तरमाव अवस्थित हुन्छन् र अधिकांश देशहरुमा स्थानीय सरकार (जिल्ला, नगरपालिका वा वडाहरु) द्वारा सञ्चालन गरिन्छ ।

[2] सेवा प्रदायकहरु संस्था वा व्यक्तिहरु हुन् जसले प्रयोगकर्ताहरु वा ग्राहकहरुलाई खानेपानी र सरसफाइ सेवाहरु प्रदान गर्छन् । तिनीहरु खानेपानी र सरसफाइ सेवाहरुको दैनिक प्रावधानको लागि जिम्मेवार छन् र खानेपानी प्रणालीको स१चालन, मर्मत  प्रशासन जस्ता कार्यहरु समावेश गर्दछ । मलको फोहोर खाली गर्ने, र विसर्जन गर्ने । तिनीहरु सामुदायिक संस्थाहरु, साना निजी अपरेटरहरु, सार्वजनिक क्षेत्रका उपयोगिताहरु वा कम्पनीहर वा गैरसरकारी स)स्थाहरु र विश्वासमा आधारित संस्थाहरु हुन सक्छन् ।

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| | र सेवा प्रदायक संघसंस्था तथा अधिकारीहरुको क्षमतामा कमी । महिलाहरु खासस्व क्षेत्रमा कार्य नगरेको । | भूमिका तथा जिम्मेवारीहरु र कैयौं अन्तरालहरु भएको । निर्णय गर्नेमध्येमा अति नै थोरै महिला सहभागिता, प्रायश टोकनवादी सहभागिता मात्रमा सीमित भएको । | श्रोतहरुमा केही कमी । केही महिलाहरु सकृय रुपमा खासस्वका निर्णय प्रक्रियामा सहभागी भएको । | गरेर तिनीहरुको कार्यसम्पादनको उद्देश्यहरुमा जोडिएको । खासस्वमा महिला तथा सीमान्तकृत समुदायहरुको राम्रो प्रतिनिधित्व भएको – खासस्व नेतृत्वमा राम्रो प्रतिशत (%) मा महिलाहरु भएको । |
| | | | | |

नोट

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| **समन्वय तथा एकिकरण** | मानवीय संघसंस्थाहरुबीच वास क्लष्टरमार्फत् खानेपानी तथा ढल निकास विभाग (लिड) र युनिसेफ (कोलिड) द्वारा समन्वय गरेको अवस्था । कुनै पनि संस्थाहरुले दीर्घकालीन विकासका लागि काम नगरेको अवस्था । स्वास्थ्य, शिक्षा, पोषण लगायत अन्य सामाजिक सेवाहरु तथा महिलासँग सम्बन्धित मुद्दाहरुमा खासस्व एकिकरण नभएको अवस्था । | संस्थाहरुबाट स्थानीय सरकारसँग सीमित समन्वय । स्वास्थ्य, शिक्षा, पोषण लगायत अन्य सामाजिक सेवाहरु तथा महिलासँग सम्बन्धित मुद्दाहरुमा खासस्व एकिकरण नभएको वा भएमा सीमित भएको अवस्था । | स्थानीय सरकारको नेतृत्वमा संघसंस्थाहरुबीच राम्रो समन्वय भएको । स्वास्थ्य, शिक्षा, पोषण लगायत अन्य सामाजिक सेवाहरु तथा महिलासँग सम्बन्धित मुद्दाहरु र विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा खासस्व एकिकरण गरेर केही पाइलट परियोजनाहरु शुरु भएको अवस्था । | स्थानीय सरकारको एकिकृत नीति वा रणनीतिका आधारमा विभिन्न संघसंस्थाहरुले आफ्ना कार्यक्रमहरु लागू गरेको । स्वास्थ्य, शिक्षा, पोषण लगायत अन्य सामाजिक सेवाहरु तथा महिलासँग सम्बन्धित मुद्दाहरुमा आधारित कार्यक्रमहरुमा खासस्व एकिकरण भएको । विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा खासस्वका लागि विभिन्न क्षेत्रहरुबीच बलियो समन्वय भएको र विभिन्न स्वास्थ्य तथा शिक्षाका कार्यक्रमहरुमा स्वच्छतालाई एकिकरण गरिएको । |
| | | | | |

**नोट**

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| **वित्तीय लगानी** | यु एन संस्थाहरु र गैरसरकारी संस्थाहरुबाट सिधै आपतकालीन खर्च भएको अवस्था । | वित्तीय विकेन्द्रीकरण नभएको वा सीमित भएको । सरकारको योजनामा दातृ निकायहरुले लगानी गरेको, तर जीवन चक्रीय लागतलाई समेट्न लगानी गरिएको | वित्तीय विकेन्द्रीकरण भएको । सरकारको योजना अनुसार पूँजीगत लागतमा दातृ निकायहरुले लगानी गरेको, तर जीवन चक्रीय लागतलाई समेटेर लगानी नगरेको | पूर्णरुपमा वित्तीय विकेन्द्रीकरण भएको । बाह्य सहयोगी निकायहरुले सिधै सरकारको खाता वा कोषमा पैसा च्यानलाइज गरिएको । निजी क्षेत्रहरुले पनि लगानी गरेको । विभिन्न आर्थिक |

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| | | बजेट अपूग भएको । खर्च गर्नसक्ने क्षमता कम भएको । गरीबमुखी पहुँचको सुनिश्चित गर्नका लागि वित्तीय संयन्त्रहरु नभएको । | । गरीबमुखी पहुँचको सुनिश्चित गर्नका लागि वित्तीय संयन्त्रहरु नभएको, तर प्रभानकारी ढंगबाट परिचालित नभएको वा कमजोर भएको । | श्रोतहरुलाई जीवन चक्रीय लागतमा मिलान गरेको । गरीबमुखी पहुँचको सुनिश्चित गर्नका लागि संयन्त्रहरु भएको, र महिनावारी स्वास्थ्य, स्वच्छता तथा सरसफाइसग सम्बन्धित सामाग्रीहरु बजारमा उपलब्ध भएको र तिनमा आम मानिसको सुलभ पहुँच भएको । |
| | | | | |
| **नोट** | | | | |

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| **सेवा प्रवाह तथा व्यवहार परिवर्तन** | जथाभावी रुपमा संकटकालीन अवस्थामा जस्तै गतिविधिहरु सञ्चालन भइरहेको अवस्था । खानेपानी ढुवानी गर्ने ट्यांकर तथा ट्रकहरु । स्वच्छता कार्यक्रम आपतकालीन किट वितरण, सचेतना अभिबृद्धि तथा अस्थायी हात धुने स्थानहरुमा मात्र आधारित भएको अवस्था । सरसफाइ गतिविधिहरु अधीकतम अनुदानमा आधारित भएको । विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा खासस्व सेवाहरु तथा व्यवहारहरु नभएको वा भएमा पनि सीमित मात्रामा भएको । | खासस्व परियोजनाहरु छोटो अवधीका लागि मात्र भएको र टुक्रा टुक्रा भएर सम्पादन भइरहेको । यसमा सरकारको थोरै मात्र ध्यान गएको । कार्यान्वयनपछिका सहयोगहरुको अभाव । स्वच्छताका गतिविधिहरु मुख्यत चेतना बढाउनेमा नै केन्द्रित भएको । सरसफाइका गतिविधिहरु खुला दिसामुक्त हासिल गर्नेमा मात्र केन्द्रित वा सीमित भएको । सरसफाइको पूर्ण सेवा चक्रलाई टेवा दिने खालको नभएको । | स्थानीय अधिकारीहरु तथा निकायहरु पहुँच विस्तार गर्नेमा मात्र केन्द्रित भएको । कार्यान्वयनपछिका सहयोगहरु भएको, तर कमजोर भएको । स्वच्छताका गतिविधिहरु चेतना बढाउने र व्यवहार परिवर्तन दुबैमा नै केन्द्रित भएको, तर दीगोपनाका लागि गरीबहरुलाई पनि समेटेर अगाडि लैजाने संयन्त्र नभएको । केही सरसफाइका गतिविधिहरु सरसफाइको पूर्ण सेवा चक्रलाई टेवा दिने खालको भएको । | सबै उपभोक्ताहरुका लागि पहुँच र सेवा विस्तार तथा कार्यान्वयनपछिका सहयोगहरु दुबै भएको र तिनलाई सेवा अधिकारी वा प्रदायकहरुले पूर्णरुपमा सम्बोधन गरेको ।<br>स्वच्छताका गतिविधिहरु व्यवहार परिवर्तनमा केन्द्रित भएको, र दीगोपनाका लागि पनि काम गर्ने गरेको । सरसफाइको पूर्ण सेवा चक्रको समापनलगायत समावेशी तथा दीगो खासस्वलाई स्थानीयकरण गरेर उपलब्ध पनि भएको । सेवा प्रवाहका मोडेलहरु र विधिहरुलाई पनि सूचीकृत गरिएको छ । |
| | | | | |
| **नोट** | | | | |

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| **अनुगमन वा निरीक्षण** | वास क्लष्टरबाट खासस्वका गतिविधिहरुको अनुगमन वा निरीक्षण हुनेगरेको छ, वा दातृ निकायलाई प्रतिवेदन बुझाउनमै लागि गर्ने गरेका छन् । | साझा अनुगमन वा पूनरावलोकन प्रक्रिया नभएको । निरन्तर अनुगमनका लागि सरकारी बजेट नभएको । खासस्व तथ्यांक अद्यावधिक नभएको तथा सरकारी योजना तर्जुमा, निर्णय प्रक्रिया वा कार्यक्रमको प्रभावकारीता मूल्यांकनका लागि प्रयोग नभएको । | सरकारी नेतृत्वमा खासस्वका लक्ष्यहरु स्पष्टरुपमा व्याख्या गरिएको, तर प्रगतिको तथ्यांक व्यवस्थित रुपमासंकलन नभएका, जथाभावी भएको । खासस्वका तथ्यांकहरु संकलन भएको, तर सरकारी योजना तर्जुमा, निर्णय प्रक्रिया वा कार्यक्रमको प्रभावकारीता मूल्यांकनका लागि व्यवस्थित रुपमा प्रयोग नभएको । | सरकारले अपनाएको तथा अनुगमन प्रक्रियाका तथ्यांकहरु निरन्तर रुपमाव अद्यावधिक गरेर रणनीतिक योजना तथा बजेटमा प्रयोग गरेको । ठुलो स्केलको मूल्यांकन प्रणाली स्थापित गरेर स्वच्छताका कार्यक्रमहरु तथा प्रमुख सूचकहरुलाई समेटेको । विभिन्न सिकाइहरुलाई पूनरावलोकन गर्दै तिनीहरुको प्रयोग भविष्यका गतिविधिहरु तथा योजनाहरुमा गरिने गरिएको । |
| | | | | |
| **नोट** | | | | |

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| **उत्तरदायित्व तथा नियमन** | सेवा अधिकारीहरु प्रदायकहरु र सेवाग्राहीहरुबीचको उत्तरदायित्वका संयन्त्रहरु नै छैन । सरकारी र विकास साझेदार (सहयोगी) हरुबीच पनि कुनै प्रकारको एकअर्कार्तीच आपसी उत्तरदायित्व छैन । जनसमुदायको उपस्थिति छैन । समुदायहरु, विद्यालयहरु वा स्वास्थ्यसेवा सुविधाहरुका लागि खासस्वका राष्ट्रिय मापदण्डहरु छैनन् । | उत्तरदायित्वका संयन्त्रहरु कागजमा मात्र छ, तर तिनको प्रयोग केही हदसम्म मात्र भएको । उपभोक्ताहरुबाट प्राप्त पृष्ठपोषण टोकनिष्टिक (tokenistic) मात्र भएको र सेवा प्रवाहका लागि प्रयोग नगरिएको । पृष्ठपोषणको संयन्त्रमा महिला तथा सीमान्तकृत समुदायहरु चाहिं छुटिरहेको । नागरिक समाज कमजोर भएको । खासस्वका राष्ट्रिय मापदण्डहरु भएको तर कहिल्यै पनि प्रयोग नगरिएको वा कहिलेकाहीं मात्र गरिएको वा लागू नगरिएको । | क्षेत्रगत प्रगतिका लागि आपसी उत्तरदायित्व विस्तारै उदीयमान रहेको र उपभोक्ता पृष्ठपोषणहरुलाई सम्बोधन गर्न संयन्त्र परिचालन गरिएको, तर महिला तथा सीमान्तकृत समुदायहरु धेरै हदसम्म छुटेको । सेवा प्रवाह तथा व्यवहार परिवर्तनका लागि पृष्ठपोषणहरु व्यवस्थित रुपमा प्रयोग नगरिएको । नागरिक समाज विस्तारै बलियो हुँदै गरेको । खासस्वका राष्ट्रिय मापदण्डहरु भएको तर निरन्तर रुपमा प्रयोग नगरिएको वा लागू नगरिएको । | उत्तरदायित्व संयन्त्रहरु संस्थागत गरिएको, सरकारी र विकास साझेदार संस्थाहरुद्वारा प्रदर्शन गरिरहेको र क्षेत्रगत प्रगतिका लागि आपसी उत्तरदायित्वको माग भएको । महिला तथा सीमान्तकृत समुदायहरुबाट प्राप्त पृष्ठपोषणहरुलाई खासस्व सेवा प्रवाहका लागि सम्बोधन गर्न र सुधार गर्न प्रयोग गर्ने गरेको । बलियो नागरिक समाजद्वारा duty-bearer हरुलाई उत्तरदायी बनाएको अवस्था । खासस्वका राष्ट्रिय मापदण्डहरु भएको र निरन्तर रुपमा प्रयोग गरिएको वा लागू गरिएको । |
| | | | | |

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| **नोट** | | | | |

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| **जेण्डर तथा सामाजिक समावेशीकरण** | खासस्व गतिविधिहरुले खालि लिङ्ग (जेण्डर), अशक्तता, वञ्चितिकरमा परेका जनताहरु लगायतका स्टेरियोटाइपहरुलाई बढावा दिने गरेका छन् । वा महिला, बालिका, अपाङ्गता भएका व्यक्तिहरु तथा अन्य सीमान्तकृत जनताहरु परामर्शको अभाव तथा देशको सन्दर्भ अनुसार लिङ्ग र सामाजिक / सांस्कृतिक साझा बुझाइको अभावका कारण थप जोखिममा पर्ने गएका छन् । | खासस्व गतिविधिहरुले महिला (जेण्डर), अशक्तता भएका व्यक्तिहरु, शारीरिक रुपमा सीमान्तकृत समुहहरु निर्णय गर्ने तहमा प्रतिनिधित्व भएको, तर तिनीहरुको स्वर सधैं नसुनिएको । लिङ्ग, उमेर र अपाङ्गतामा आधारित विस्तृत (अलग) तथ्यांक खासस्व गतिविधिहरुका लागि आवश्यक हुन्छ, जुन हाल संकलन तथा प्रयोग नगरिएको । | खासस्व गतिविधिहरुले महिला (जेण्डर), अशक्तता भएका व्यक्तिहरु, अन्य सीमान्तकृत समुहहरु निर्णय गर्ने तहमा प्रतिनिधित्व भई सक्रिय भएको । लिङ्ग, उमेर र अपाङ्गतामा आधारित विस्तृत (अलग) तथ्यांक खासस्व गतिविधिहरुको योजना तयार गर्दा आवश्यक हुन्छ, जुन हाल संकलन तथा प्रयोग गरिएको । | खासस्व गतिविधिहरुले महिला (जेण्डर), अशक्तता भएका व्यक्तिहरु, अन्य सीमान्तकृत समुहहरु निर्णय गर्ने तहमा प्रतिनिधित्व भई सक्रिय भएको र खासस्व सेवाहरु तथा निर्णय गर्ने तहमा उत्तरदायी पनि भएको । लिङ्ग, उमेर र अपाङ्गतामा आधारित विस्तृत (अलग) तथ्यांक खासस्व गतिविधिहरुको योजना तयार गर्दा आवश्यक हुन्छ, जुन हाल व्यवस्थित रुपमा संकलन तथा प्रयोग गरिएको । |
| | | | | |
| **नोट** | | | | |

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| **वातावरण तथा जलश्रोतहरु** | कुनै पनि प्रकारको क्षेत्रको बचावट वा व्यवस्थापनसँग सम्बन्धित नीतिहरु छैनन् । जलश्रोतहरुसँग सम्बन्धित खतराहरुका बारेमा जानकारी नै छैन । दिसाजन्य फोहोरबाट हुनसक्ने खतराहरु तथा रोग सर्नसक्ने अन्य खतरापूर्ण मार्गहरुमा ध्यान केन्द्रित गरिएको छ । बानी व्यवहारलाई | कुनैपनि प्रकारको क्षेत्रको बचावट वा व्यवस्थापनसँग सम्बन्धित नीतिहरु छन् तर कार्यान्वयन गरिएका छैनन् । जलश्रोतहरुसँग सम्बन्धित खतराहरु तथा जेण्डरका आयामहरु खतराहरुका बारेमा कम मात्र जानकारी छ । दिसाजन्य फोहोरबाट हुनसक्ने खतराहरु तथा रोग | कुनैपनि प्रकारको क्षेत्रको बचावट वा व्यवस्थापनसँग सम्बन्धित नीतिहरु छन् तर थोरै मात्र कार्यान्वयन गरिएका छन् । जलश्रोतहरुसँग सम्बन्धित खतराहरु तथा जेण्डरका आयामहरु खतराहरुका बारेमा जानकारी छ, तर योजनाहरुमा समावेश गरिएको छैन । दिसाजन्य फोहोरबाट | कुनैपनि प्रकारको क्षेत्रको बचावट वा व्यवस्थापनसँग सम्बन्धित नीतिहरु छन् तर कार्यान्वयन पनि गरिएका छन् र पानीको विभिन्न क्षेत्रहरुमा समन्वयात्मक व्यवस्थापन गरिएको । जलश्रोतहरुसँग सम्बन्धित खतराहरु तथा जेण्डरका आयामहरु खतराहरु अनुगमन गर्ने गरिएको, साथै उत्थानशील योजनालाई सम्बोधन गर्ने गरिएको । |

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| | प्रभाव पार्नसक्ने के कस्ता परिवर्तन जरुरी छन् भन्नेबारेमा सीमित जानकारी मात्र छ । प्रकोप उत्थानशील प्रविधि तथा योजनामा आवश्यक ध्यान दिइएको छैन । | सर्नसक्ने अन्य खतरापूर्ण मार्गहरुका बारेमा जानकारी भएको तर ती खतराहरुलाई तोड्न विभिन्न पथहरुमा ध्यान केन्द्रित नभएको । बानी व्यवहारलाई प्रभाव पार्नसक्ने के कस्ता परिवर्तन जरुरी छन् भन्नेबारेमा ध्यान केन्द्रित नभएको । प्रकोप उत्थानशील प्रविधि तथा योजनालाई मध्यनजर गरिएको छैन । | हुनसक्ने खतराहरु तथा रोग सर्नसक्ने अन्य खतरापूर्ण मार्गहरुको पहिचान गरिएको तर कमजोर रुपमा डिजाईन गरिएको र कार्यान्वयन गरिएको । प्रकोप उत्थानशील प्रविधि तथा योजनालाई मध्यनजर गरिएको तर कार्यान्वयन गरिएको । | दिसाजन्य फोहोरबाट हुनसक्ने खतराहरु तथा रोग सर्नसक्ने अन्य खतरापूर्ण मार्गहरुको पहिचान मुख्य व्यवहारहरुमा आधारित भएको । सरसफाइको सबै सेवा चक्र तथा भौतिक र सामाजिक |
| | | | | |

**नोट**

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| **सरकारी नेतृत्व** | सरकारी क्षेत्रबाट स्वामित्व लिइएका खासस्वसम्बन्धी दूरदृष्टि, प्रतिबद्धता वा रणनीतिको अभाव छ । सरकार आफ्नो क्षेत्रमा भए गरेका खासस्व हस्तक्षेपहरुका बारेमा थोरै मात्र संलग्न वा जानकार छन् वा सो अनुसार निरीक्षण नै गर्दछन् । खासस्वसम्बन्धी कार्यक्रमहरु प्रायजसो कि त मानवीय वा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले सञ्चालन गरिरहेका हुन्छन् । | सरकारी क्षेत्रबाट मौखिक प्रतिबद्धता हुन्छन्, तापनि यी प्रतिबद्धताहरु वास्तविक योजना वा रणनीतिहरुमा परिणत भएका हुँदैनन्, भएपनि तिनले अति नै सीमान्तकृत वर्गहरुलाई प्राथमिकतामा राखेको हुँदैन । सरकारसँग खासस्व कार्यक्रमहरु तथा संघसंस्थाहरुका बारेमा केही जानकारी भएको, तर केही मात्र सरकारको प्रकृया, योजना र नीतिहरुसँग भएको । | सरकारसँग खासस्वसम्बन्धी सोच, रणनीति तथा योजनाहरु भएको जसले लिङ्ग र अति नै सीमान्तकृत समुदायहरुसम्म पहुँच पुऱ्याउनका लागि जोड दिएको, तर पर्याप्त मात्रामा श्रोत नछुट्याएको । सरकारले सक्रिय भुमिका निर्वाह गरेर खासस्व निकायहरुसँग समन्वय गर्दै विभिन्न कार्यक्रमहरुलाई निरीक्षण पनि गर्ने गरेको । सरकारले केही गतिविधिहरुमा सहलगानी गर्दै तिनको अनुगमन तथा मूल्यांकनमा सहभागी पनि हुने गरेका छन् । | सरकारसँग खासस्वसम्बन्धी बलियो सोच, रणनीति तथा योजनाहरु भएको जसले लिङ्ग र अति नै सीमान्तकृत समुदायहरुसम्म पहुँच पुऱ्याउनका लागि जोड दिएको, साथै खासस्वको सोच प्राप्ति र त्यसको दीगोपनका लागि पर्याप्त मात्रामा श्रोत छुट्याएको । सरकारी नेतृत्वले सुदृढ समन्वय संयन्त्रमार्फत् खासस्वमा भएको लगानी राम्ररी योजना बनाएर श्रोतहरु जुटाएर समावेशी ढंगबाट राष्ट्रिय नीति, रणनीति तथा नियमनलाई टेवा पुऱ्याउने गरेको । साथै सीमान्तकृत समुदायहरुसम्म पहुँच पुऱ्याएको र प्रतिफलहरुलाई दीगो स्वरुप दिने गरेको । |
| | | | | |

**नोट**

| आधार स्तम्भहरु | छैन वा अति कमजोर | कमजोर वा सीमित | राम्रो वा मध्यम | बलियो वा सुदृढ |
|---|---|---|---|---|
| | | | | |
| **आधार स्तम्भहरु** | **छैन वा अति कमजोर** | **कमजोर वा सीमित** | **राम्रो वा मध्यम** | **बलियो वा सुदृढ** |
| **सकृय तथा सशक्त जनता र समुदायहरु** | समुदाय वा जिल्लाका जनताहरुलाई उहाँहरुको खानेपानी तथा सरसफाइको अधिकारका बारेमा जानकारी छैन ।<br>उहाँहरु खासस्व सेवाहरुको सुधार तथा पहुँचको लागि माग गर्ने कार्यमा पनि सकृय भूमिका खेल्ने गरेका छैनन् ।<br>खासस्व सेवाहरुका लागि उपभोक्ताहरुमा सेवाशुल्क तिर्नका लागि इच्छुक हुनुहुन्न । साथै सुधारिएका व्यवहारहरु पनि अभ्यास गर्नुहुन्न ।<br>लिङ्ग (जेण्डर) तथा सामाजिक सीमान्तीकरणको चरम तहहरु छन् । | समुदाय वा जिल्लाका केही जनताहरुलाई उहाँहरु आफूहरुसँग खानेपानी तथा सरसफाइको अधिकारको बारेमा जानकार भएर आफ्नो खानेपानी तथा सरसफाइको अधिकार माग गर्नसक्ने क्षमता भएको महसुस गर्दछन् ।<br>उहाँहरु अनौपचारिक च्यानलहरु प्रयोग गरेर खासस्व सेवाहरुको सुधारको लागि सेवा प्रदायक संस्था वा सेवा अधिकारीलाई सम्पर्क गर्नसक्ने पनि हुनुहुन्छ । तापनि, महिला तथा सीमान्तकृत समुदायका सदस्यहरु आफ्नो अधिकारहरु माग गर्नका लागि धेरै सशक्त भैसकेका छैनन् ।<br>आधाभन्दा पनि कम जनसंख्या खासस्व सेवाहरुका लागि उपभोक्ताहरुमा सेवाशुल्क तिर्न तथा सुधारिएका व्यवहारहरु अभ्यास गर्नका लागि इच्छुक हुनुहुन्छ । | समुदाय वा जिल्लाका महिला तथा सीमान्कृत समुदायका सदस्यहरुलगायत धेरै जनताहरु सामुदायिक पृष्ठपोषण संयन्त्रहरुमा सहभागी हुन्छन् र उहाँहरु आफूहरुलाई चाहिने खानेपानी तथा सरसफाइको अधिकार तथा खासस्व सेवाहरुको सुधारका लागि माग गर्न सक्षम छन् । आधाभन्दा बढी जनसंख्या खासस्व सेवाहरुका लागि सेवाशुल्क तिर्न तथा सुधारिएका व्यवहारहरु अभ्यास गर्नका लागि इच्छुक हुनुहुन्छ । | महिला तथा सीमान्कृत समुदायका सदस्यहरुलगायत समुदाय वा जिल्लाका लगभग सबै जनताहरु आफूहरुलाई चाहिने खानेपानी तथा सरसफाइको अधिकार तथा खासस्व सेवाहरुको सुधारका लागि माग गर्न सक्षम छन् । उहाँहरु खासस्व सेवासक्बन्धी योजना तर्जुमा, निरीक्षण तथा पृष्ठपोषण प्रदान गर्नमा पनि सक्रियताका साथ सहभागी हुनुहुन्छ र उहाँहरुको अधिकार सुनिश्चित गर्न पनि सक्षम हुनुहुन्छ । लगभग सबैजसो वा बहुमतीय जनसंख्या खासस्व सेवाहरुका लागि सेवाशुल्क तिर्न तथा सुधारिएका व्यवहारहरु अभ्यास गर्नका लागि इच्छुक हुनुहुन्छ । |
| | | | | |
| **नोट** | | | | |